**नेपाल पुनर्बीमा कम्पनी लिमिटेड**
(नेपाल सरकारको स्वामित्वमा स्थापित)
**Nepal Re-Insurance Co. Ltd. (Nepal Re.)**
**(An-Undertaking of Nepal Government)**

मिति २०७८/०८/२८

ने.पु.बी.क.लि.सं.स. (२०७८/०७९) च.नं ६८

संचालक समिति

श्री नेपाल स्टक एक्सचेन्ज लि.,
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

**विषय : आर्थिक वर्ष २०७६/७७ को छैठौं बार्षिक साधारण सभा तथा शेयर दाखिल खारेज सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस कम्पनीको सञ्चालक समितिको मिति २०७८/०८/२७ गते सोमबार बेलुका ४:१५ मा बसेको ३७४ औं बैठकको निर्णयानुसार देहायका विषयहरूमा छलफल तथा निर्णय गर्नको लागि निम्न मिति, स्थान र समयमा कम्पनीको आर्थिक वर्ष २०७६/७७ को छैठौं वार्षिक साधारण सभा बस्ने भएको हुँदा जानकारीको लागि अनुरोध गर्दछौं ।

**१. साधारण सभा हुने मिति, स्थान र समय :**

मिति : २०७८/०९/२२ गते बिहिवार
स्थान : कार्की ब्याङ्केट, बबरमहल, काठमाडौं
समय : बिहान ११:०० बजे

**२. छलफलका विषय :**

**क. सामान्य प्रस्तावहरू :**

१. आर्थिक वर्ष २०७६/७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७६/७७ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिवाट प्रस्तावित हालको चुक्ता पूँजी रु. १०,००,००,००,०००/- (अक्षरेपी दश अर्ब) को २.५० (दुई दशमलव पाँच शून्य) प्रतिशतको दरले रु. २५,००,००,०००/- (अक्षरेपी पच्चिस करोड) नगद लाभांश (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७७/७८ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक श्याम कार्की एण्ड कं.चार्टर्ड एकाउन्टेन्टस् पुनः नियुक्तिको लागि योग्य रहेको ।)



Central Business Park 5th floor, Thapathali, Kathmandu, Nepal

संचालक समिति

५. नियमावलीको नियम २७ को उपनियम (२) (ख) नेपाल सरकार बाहेकका संस्थागत लगानीकर्ताबाट २ जना कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरूको निर्वाचन गर्ने ।

६. नियमावलीको नियम २७ को उपनियम (२) (ख) नेपाल सरकार बाहेकका संस्थागत लगानीकर्तावाट कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरू श्री दिप प्रकाश पाण्डे र श्री डिल्लीराज अर्यालको कार्यकाल मिति २०७८/०१/२० सम्म रहेकोमा सञ्चालक समितिबाट आगामी साधारण सभा सम्मको लागि निजहरूको कार्यकाल थप गरिएको निर्णय अनुमोदन गर्ने ।

**ख. विशेष प्रस्तावहरू :**

१. सञ्चालक समितिबाट प्रस्तावित हालको चुक्ता पूँजी रु. १०,००,००,००,०००/- (दश अर्ब) को १६.५० (सोह्र दशमलव पाँच शून्य) प्रतिशतका दरले हुन आउने रु.१,६५,००,००,०००/-(एक अर्ब पैसठी करोड) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने र बोनस शेयर वितरण पश्चात कम्पनीको साविक जारी तथा चुक्ता पूँजीमा बृद्धि भई रु.११,६५,००,००,०००/- (एघार अर्ब पैसठी करोड) कायम हुने र सोही बमोजिम प्रबन्धपत्रको दफा ६(२) र ६(३) मा छलफल गरी देहाय बमोजिम संशोधन गर्ने ।

**दफा ६(२) :** कम्पनीले तल्काल जारी गर्ने शेयर पूँजी रकम रु. ११,६५,००,००,०००/- (एघार अर्ब पैसठ्ठी करोड) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १०० /- का दरले ११,६५,००,०००/- (एघार करोड पैसठ्ठी लाख) कित्ता शेयरमा विभाजित गरिनेछ ।

**दफा ६(३) :** कम्पनीको चुक्ता पूँजी रु. ११,६५,००,००,०००/- (एघार अर्व पैसठ्ठी करोड) हुनेछ ।

२. सञ्चालक समितिको बैठक भत्ता लगायतका सुविधामा वृद्धि गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा (१)(ग) अनुसार सञ्चालक समितिको निर्णय बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्च गरिएको रकमलाई अनुमोदन गर्ने ।

४. कम्पनीको प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नेपाल सरकार वा नियमनकारी निकायहरुबाट कुनै फेरबदलको सुझाव प्राप्त भएमा सो वमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध :**

**शेयर दाखेल खारेज सम्बन्धी विवरण:**

- साधारण सभा प्रयोजनको निमित्त मिति २०७८/०९/१४ गते शेयरधनी दर्ता पुस्तिका बन्द (Book Close) गरिनेछ ।
- नेपाल स्टक एक्चेन्ज लिमिटेडमा मिति २०७८/०९/१३ गतेसम्म कारोवार भई नियमानुसार शेयर नामसारी भएका शेयरधनीहरु मात्र साधारण सभामा भाग लिन योग्य हुने छन् ।



Central Business Park 5th floor, Thapathali, Kathmandu, Nepal

नेपाल पुनर्बीमा कम्पनी लिमिटेड
(नेपाल सरकारको स्वामित्वमा स्थापित)
Nepal Re-Insurance Co. Ltd. (Nepal Re.)
(An-Undertaking of Nepal Government)

संचालक समिति

आ.ब. २०७६/७७ को छैठौं वार्षिक साधारण सभा सम्वन्धी सूचना तथा कम्पनी ऐन, २०६३ को दफा ८४(४) प्रयोजनको निमित्त संक्षिप्त आर्थिक विवरण मिति २०७८/०८/२८ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित भएको जानकारी गराउँदछौं ।

भवदीय,

(बिष्णु प्रसाद उपाध्याय)
कम्पनी सचिव

**बोधार्थ** :

(१) नेपाल सरकार, अर्थ मन्त्रालय,
    वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा
    सिंहदरबार, काठमाण्डौ

(२) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ

(३) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर

(४) श्री बीमा समिति, कुपण्डोल, ललितपुर

(५) श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाण्डौ

(६) श्री आरबिबि मर्चेन्ट बैकिङ्ग लि., टेकु, काठमाण्डौ



Central Business Park 5th floor, Thapathali, Kathmandu, Nepal